बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०७५ साल असोज १२ गते बुधवार का दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा यस बेसिशहर नगरपालिकाको विभिन्न विषयमा नगर कार्यपालिकाको आठौं बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको दलफल एवं निर्णय गरियो ।

## उपस्थिति :-

१, प्रमुख श्री गुमान सिंह अर्याल
२, उप-प्रमुख श्री पद्मा गुरुङ
३, प्र.प्र. अधिकृत श्री रमनाथ कंडेल
४, वडा अध्यक्ष (वडा नं. १) श्री दुर्गा बहादुर बुढाथोकी
५, —"— (२) श्री मदन बहादुर राना
६, —"— (३) श्री चित्र बहादुर दनाई
७, —"— (४) श्री राम बहादुर गुरुङ
८, —"— (५) श्री इन्द्र बहादुर गुरुङ
९, —"— (६) श्री प्रकाश थापा
१०, —"— (७) श्री ऋषिराम बस्नेत
११, —"— (८) श्री पवित्रा थापा राना
१२, —"— (९) श्री खुशि जङ गुरुङ
१३, —"— (१०) श्री गंगा बहादुर थापा
१४, —"— (११) श्री शिव प्रसाद जोशी
१५, कार्यपालिका सदस्य श्री हिरा लाल विश्वकर्मा
१६, —"— श्री श्रीनाथ कुमाल
१७, —"— श्री कल्पना थापा बोहरा
१८, —"— श्री विमला न्यौपाने अधिकारी
१९, —"— श्री सुक माया गुरुङ
२०, —"— श्री सुक माया घर्ती
२१, —"— श्री मनिता परियार

सहजकर्ता कर्मचारी :-
२२, कार्यक्रम अधिकृत श्री महेन्द्र पोखरेल
२३, ना.सु. (सहायकस्तरपाचौं) श्री गोविन्द बहादुर राउत

गुमान सिंह अर्याल
नगर प्रमुख

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**

**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

***नगर कार्यपालिकाको मिति २०७९ असोज १२ गतेको बैठकका प्रस्तावहरु***

- अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।
- संघीय समपुरकतर्फका योजनाहरुको सम्बन्धमा ।
- सडकबोर्डतर्फका योजनाहरुको सम्बन्धमा ।
- विपन्न घरपरिवार पहिचान कार्यविधि सम्बन्धमा ।
- गाइखुरे झरनाको नीजि क्षेत्रसंग गरिने सम्झौताको सम्बन्धमा ।
- नवप्रवर्तन साझेदारी कार्यक्रम सम्बन्धमा (प्रदेश सरकार)
- स्वास्थ्यतर्फका कार्यक्रम कार्यान्वयन सम्बन्धमा (नगरपालिकातर्फको बजेट अन्तर्गतका)
- स्वास्थ्य संस्थामा ब्लड सुगर, टिटी, युरिनस्ट्रिप जाँच गर्ने सम्बन्धमा ।
- वडास्तरीय योजना तथा कार्यक्रम ब्रेकडाउन सम्बन्धमा । (वडा नं ११, ८ )
- बालमैत्री स्थानीय शासन सम्बन्धमा । वडा नं २ र १०)
- बजार व्यवस्थापन समितिको रिक्त सदस्य चयन सम्बन्धमा
- बालविकास केन्द्रका सकाहरु र विद्यालयका सहायक कर्मचारीहरुको समेतको तलबभत्ता सम्बन्धमा
- स्वास्थ्य व्यवस्थापन समितिमा बालबालिकाको प्रतिनिधित्व सम्बन्धमा
- विविध
    - कारागारका बन्दीहरुलाई दशैं खर्च उपलब्ध गराउने सम्बन्धमा ।
    - दशैं, तिहार र छठको शुभकामना सम्बन्धमा

**बैठकबाट पारित निर्णयहरु**

**निर्णय नं. १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

मिति २०७९ भदौ १३ गते सम्पन्न नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाबारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं. २ : संघीय समपुरकतर्फका आयोजनाहरुको सम्बन्धमा ।**

चालु आर्थिक बर्षमा संघीय समपुरकतर्फ बजेट विनियोजन भएका तपसिलका योजनाहरुको सम्बन्धमा छलफल हुँदा नगरपालिकाबाट राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेश गर्दा आयोजनाको अवधी ३ वर्ष राखी माग गरिएको र राष्ट्रिय योजना आयोगबाट वेभसाइटमा समेत राखिएको विवरणमा उक्त आयोजनाहरुको अवधी ३ बर्ष कायम भएको हुँदा आयोजनाको अवधी ३ वर्ष (बहुबर्षिय) कायम गरी कुल लागतको आधारमा टेण्डर आह्वान गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**तपसिल**

१ धुरपुरे दुईथोक विम्दा बाखेजगत सडक स्तरोन्नति, कुल लागत रु. १०,००,००,०००।- (दश करोड)

२.उदिपुर नयाँगाउँ सडक, कुल लागत रु. ८,७२,००,०००।- (आठ करोड बहत्तर लाख)

**निर्णय नं. ३ : सडक बोर्डतर्फका आयोजनाहरुको सम्बन्धमा ।**

सडक बोर्ड नेपालको च.नं २१७२ मिति २०७९।३।३१ को प्राप्त पत्रानुसार बेसीशहर नगरपालिका भित्रका देहायका आयोजनाहरु मर्मत र स्तरोन्नतिको लागि सडकबोर्डबाट सहमति प्राप्त भएको हुँदा उक्त आयोजनाहरुमा सडक बोर्डले ७० % र नगरपालिकाले ३०% व्यहोर्ने गरी प्रक्रिया वमोजिम कार्यान्वयनमा लैजाने र उक्त आयोजनाहरु २०७९ पौष मसान्तभित्र सम्पन्न गरी आवश्यक कागजात सहित सडक बोर्डबाट रकम निकासा लिने निर्णय गरियो । साथै ठेक्का पट्टाद्वारा सञ्चालन गरिने योजनाहरुको हकमा हिमालय हाइड्रोपावर र सडक डिभिजन कार्यालयसंग समेत समन्वय गरी टेण्डर आह्वान गर्ने निर्णय गरियो ।

देहाय

| क्र. सं | सडकको नाम | कुल लम्बाई किमी | मर्मत लम्बाई किमी | कुल लागत रु. | सडक बोर्डले व्यहोर्ने रु. | नगरपालिकले व्यहोर्ने रु. |
|---|---|---|---|---|---|---|
| १ | रिठेबगर उदीपुर सडक | ८ | ०.१५ | १२८५७१८० | ९०००००० | ३८५७१८० |
| २ | मर्स्याङ्दी पुल चिती तिलाहार सडक | ५.८० | २ | ६९९९८०० | ४८९९८६० | २०९९९४० |
| ३ | चित्रे बानिया पँधेरो सडक | ४ | १.१० | १०७२९२० | ७००००० | ३७२९२० |
| ४ | रामचोक(बेलचौतारो) त्रिवेणी सडक | २ | ०.५० | २१४९९७७.७ | १४००००० | ७४९९७७.७ |
| | | | जम्मा | २३०७९८७७.७ | १५९९९८६० | ७०८००१७.७ |

**निर्णय नं. ४ : विपन्न घरपरिवार पहिचान कार्यविधि सम्बन्धमा ।**

नगरपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने विपन्न घरपरिवारहरुको पहिचान गरी समतामूलक तवरले सेवा प्रवाहका विभिन्न क्षेत्रमा प्राथमिकता दिन तथा विभिन्न छुट तथा सहुलियतको व्यवस्थापन गर्ने उद्देश्यले तयार गरिएको “बेसीशहर नगरपालिकाको विपन्न घरपरिवार पहिचान कार्यविधि, २०७९” स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : गाइखुरे झरनाको नीजि क्षेत्रसंग गरिने सम्झौताको सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको सार्वजनिक नीजि साझेदारी नीति २०७६ अनुरुप नीजि क्षेत्रको लगानीमा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले बेसीशहर नगरपालिका वडा नं १ स्थित गाईखुरे झरना क्षेत्रमा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) वमोजिम पर्यटकीय पूर्वाधार निर्माण गरी पर्यटकीय गतिविधि सञ्चालन गर्नको लागि प्रक्रिया वमोजिम छनौट भएको संस्था बोटे बोरा प्रा.लि. काठमाण्डौ संग सम्झौताका शर्तहरु तयार गरी

सम्झौता प्रक्रिया अघि बढाउन नगर कार्यपालिकालाई अधिकार दिने नगरसभाको एघारौं अधिवेशनको निर्णय अनुरुप अनुसूचीमा संलग्न भए वमोजिमको सम्झौताका शर्तहरुको आधारमा सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ६ : नवप्रवर्तन साझेदारी कार्यक्रम सम्बन्धमा ।**

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय शासकीय सुधार तथा समन्वय महाशाखाले नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९ वमोजिम नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयनका लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धी सूचना वमोजिम तोकिएको क्षेत्रमा अवधारणा पत्र पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :स्वास्थ्यतर्फका कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

चालु आ.व.२०७९।८० को नगरपालिकातर्फ विनियोजित बजेटबाट छनौट भएका कार्यक्रमहरु मध्ये देहाय वमोजिमका कार्यक्रमहरु देहाय वमोजिम कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

(क) नगर विकास योजना पुस्तकको पेज नं १०० को क्र.सं ६२ को कार्यक्रम शिर्षकमा विनियोजित ५ लाख मध्येबाट जेष्ठ नागरिक निशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गर्ने । सो अन्तर्गत हिंड्डुल गर्न नसक्ने खालका दीर्घरोगी, अपांगता भएका र ७५ बर्षभन्दा माथिका जेष्ठ नागरिकहरुको घरदैलोमै पुगेर निशुल्क स्वास्थ्य परीक्षण गर्ने । यसको लागि स्वास्थ्य चौकीका २।२ जना स्वास्थ्यकर्मीहरु वडाध्यक्षहरुसंग समन्वय गरी काममा खटिने । एक जना व्यक्तिको स्वास्थ्य परीक्षण गरेवापत २ जना स्वाथ्यकर्मीहरुले जनही रु. ५०।५० का दरले प्रोत्साहन पारिश्रमिक पाउने ।

(ख) सोही पुस्तकको पेज नं १०१ क्र.सं ६७ को कार्यक्रमतर्फ विनियोजित बजेट रु. १५ लाखमध्येबाट महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक रु १०००।- (एक हजार) का दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने । बाँकी बजेटबाट प्रोत्साहन कार्य, स्वयंसेविका तथा आमा समुहहरुको क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने ।

(ग) सोही पुस्तकको पेज नं १०१ क्र.सं ६८ को कार्यक्रमतर्फ विनियोजित बजेट रु. ५ लाखमध्येबाट महिलाहरुको स्वास्थ्य समस्यालाई केन्द्रित गरी स्वास्थ्य शिविरहरु सञ्चालन गर्ने । यसको विस्तृत कार्यक्रम स्वास्थ्य शाखाले तयार गर्ने ।

(घ) क्र.सं ७१ को सुत्केरी महिला पोषण कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थामा सुत्केरी भएका आमाहरुलाई पोषणको लागि जनही रु. ३०००।- का दरले पोषण रकम उपलब्ध गराउने । यस कार्यको व्यवस्थापनको लागि सम्बन्धित वडाको वडाध्यक्षको संयोजकत्वमा स्वास्थ्य चौकी इन्चार्ज र वडा सचिव सदस्य भएको समिति गठन गर्ने ।

**निर्णय नं. ८ : स्वास्थ्य संस्थामा ब्लड सुगर, टिटि, युरिन स्ट्रिप जाँच गर्ने सम्बन्धमा ।**

नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा २०७९ कार्तिक १ गतेबाट सञ्चालन हुने गरी विरामीहरुको ब्लड सुगर, टिटि, urine strip (Chemical Examination) परीक्षण गर्ने व्यवस्था मिलाउन र यसका लागि यस आर्थिक बर्षमा लाग्ने लागत अनुमान तयार गर्न स्वास्थ्य शाखालाई निर्देशन दिने निर्णय गरियो ।

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल



**निर्णय नं. ९ : वडास्तरीय योजना तथा कार्यक्रम ब्रेकडाउन सम्बन्धमा ।**

चालु आ.व. २०७९।८० का देहायका वडास्तरीय आयोजना तथा कार्यक्रमहरुलाई देहाय अनुसार ब्रेक डाउन गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**देहाय**

| योजना तथा कार्यक्रम | विनियोजित बजेट | योजना तथा कार्यक्रमको ब्रेक डाउन | विनियोजित बजेट |
|---|---|---|---|
| १. कृषि तथा पशु, बेनपा ११ | ६००००० | १.१.सिलपोलिन प्लाष्टिक खरीद एवं वितरण ( ५०% अनुदानमा) बेनपा ११ | २,००,००० |
| | | १.२.घाँसको विरुवा वितरण, बेनपा ११ | ९०,००० |
| | | १.३.कागती खेती प्रवर्द्धन कार्यक्रम, बेनपा ११ ( औजार, विषादी, मल खरिद) | ३०,००० |
| | | १.४.दुध चिस्यान केन्द्र सामान खरिद, बेनपा ११ | २,००,००० |
| | | १.५.बंगुर पाठा खरिद तथा वितरण | ८०,००० |
| २.शिक्षा, बेनपा ११ | १०,००००० | २.१ जनकल्याण मावि हल निर्माण एवम् फर्निचर खरिद, बेनपा ११ | ३,२५,००० |
| | | २.२ बाल विकास मावि फर्निचर खरिद, बेनपा ११ | १,००,००० |
| | | २.३ लोकराज मावि फर्निचर खरिद, बेनपा ११ | १,००,००० |
| | | २.४ जनजागृति आधारभूत विद्यालय फर्निचर खरिद, बेनपा ११ | १,५०,००० |
| | | २.५ शान्ति भवन प्रावि, घेराबार निर्माण, बेनपा ११ | १,००,००० |
| | | २.६ शिक्षा दिवस कार्यक्रम, बेनपा ११ | ४०,००० |
| | | २.७ शैक्षिक सामाग्री खरिद, बेनपा ११ | १,३५,००० |
| | | २.८ बालरत्न प्रावि विद्यालय जाने बाटो मर्मत, बेनपा ११ | ५०,००० |
| ३. फुटकर योजना तथा कार्यक्रम बेनपा ११ | ५२५००० | ३.१.वडा उज्यालो अभियान, बेनपा ११ | २,००,००० |
| | | ३.२.झिंगेखोला पुल निर्माण, बेनपा ११ | ८५,००० |
| | | ३.३. बाँदर धपाउने बन्दुक खरिद, बेनपा ११ | ३७,८०० |
| | | ३.४ वडा कार्यालय उद्घाटन खर्च, बेनपा ११ | ५०,००० |
| ४.महिला, बालबालिका, अपांगता भएका, जेष्ठ नागरिक, जनजाति, युवा,दलित विविध खर्च, बेनपा ८ | ६७२००० | ४.१ बालबालिका लक्षित कार्यक्रम, बेनपा ८ | ५०,००० |
| | | ४.२ अपांगता लक्षित आयमूलक कार्यक्रम, बेनपा ८ | ५०,००० |
| | | ४.३ महिला सीप विकास कार्यक्रम, बेनपा ८ | १,००,००० |
| | | ४.४ युवा लक्षित कार्यक्रम, बेनपा ८ | १,००,००० |
| | | ४.५ जनजाति लक्षित कार्यक्रम, बेनपा ८ | १,००,००० |

बेसीशहर नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३



| योजना तथा कार्यक्रम | विनियोजित बजेट | योजना तथा कार्यक्रमको ब्रेक डाउन | विनियोजित बजेट |
|---|---|---|---|
| | | ४.६ दलित लक्षित कार्यक्रम, बेनपा ८ | ५०,००० |
| | | ४.७ जेष्ठ नागरिक सम्मान कार्यक्रम, बेनपा ८ | १,२०,००० |
| | | ४.८ विविध कार्यक्रम, बेनपा ८ | १,०२,००० |
| ५.फुटकर योजना तथा कार्यक्रम, बेनपा १ | ३००००० | ५.१ नेवार समाजको जात्रा संरक्षण तथा प्रवर्द्धन, बेनपा १ | १०,००० |
| | | ५.२ डस्वीन खरिद, बेनपा १ | ५,५०० |
| | | ५.३ जेष्ठ नागरिक सम्मान, बेनपा १ | ७१,००० |
| | | ५.४ नेपाल मगर विद्यार्थी संघ अधिवेशन खर्च, बेनपा १ | ३,००० |
| | | ५.५ बाटो मर्मत, बेनपा १ | ६,००० |
| | | ५.६ कृष्ण मन्दिरलाई तार खरिद, बेनपा १ | ५,२०० |

**निर्णय नं. १० : बालमैत्री स्थानीय शासन सम्बन्धमा**

बेसीशहर नगरपालिकालाई आगामी २०८२ चैत मसान्तसम्ममा बालमैत्री नगरपालिका घोषणा गर्ने गरी बालमैत्री स्थानीय शासन प्रवर्द्धन सम्बन्धी कार्य अघि बढाउने साथै यस अघि बालमैत्री वडा घोषणा भएका वडा नं १ र ६ लाई दिगोपनाको सुनिश्चिता गर्दै बाँकी अन्य सवै वडाहरुले वालमैत्री स्थानीय शासन पद्धति अवलम्बन गर्ने र कार्यक्रम अघि बढाउने तथा वडा नं २ र १० ले आगामी बर्ष बालमैत्री वडा घोषणा हुने गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ : बजार व्यवस्थापन समितिको रिक्त सदस्य चयन सम्बन्धमा :**

बेसीशहर नगरपालिकाको बजार व्यवस्थापन कार्यविधि २०७४ को दफा ८ अनुसार गठित बजार व्यस्थापन समितिको सोही दफाको (घ) वमोजिमको रिक्त सदस्य पदमा कार्यपालिका सदस्यहरु मध्येबाट देहाय अनुसार मनोनयन गर्ने निर्णय गरियो ।

१. श्री हिरालाल विश्वकर्मा, कार्यपालिका सदस्य

२. श्री खुशीजङ गुरुङ, वडाध्यक्ष, बेनपा ९

**निर्णय नं. १२ : बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरु , विद्यालय सहायक र विद्यालय सहयोगी कर्मचारीहरुको तलबभत्ता सम्बन्धमा ।**

बेसीशहर नगरपालिका बार्षिक नगर विकास योजना आ व २०७९/८० को शिक्षा क्षेत्र क्र सं ७४ मा सामुदायिक विद्यालय र समुदायमा आधारित बालविकास केन्द्रका सहयोगी कार्यकर्ता, विद्यालय सहायक कर्मचारी लेखा कर्मचारी र विद्यालय सहयोगी कर्मचारीहरुका लागि थप तलब भत्ता शीर्षकमा एकमुष्ठ रु १,००,००,०००।०० (अक्षरेपी एक करोड रुपैयाँ) बिनियोजन भएकोमा उक्त एकमुष्ठ रकम गत आ.व. २०७८/७९ मा बालविकास केन्द्रका स का र विद्यालय सहयोगी कर्मचारीहरुका लागि मासिक रु ७,०००।०० र एक महिना बराबरको रकम चाडवाड खर्च थप समेत गरि बार्षिक १३ महिनाले हुन आउने रकम र विद्यालय

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०६/१२ गतेको बैठक

सहायक लेखा कर्मचारीहरुका लागि मासिक रु ३,५००।०० र एक महिना बराबरको रकम चाडवाड खर्च समेत गरी बार्षिक १३ महिनाको उपलब्ध गराइएकोमा यस आ.व. मा बिनियोजित उक्त रकमबाट यस आ.व. मा पनि सोही अनुसारले उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३ :स्वास्थ्य व्यवस्थापन समितिमा बालबालिकाको प्रतिनिधित्व सम्बन्धमा ।**

वडास्तरमा वडाध्यक्षको अध्यक्षतामा रहेको स्वास्थ्य व्यवस्थापन समितिको बैठकमा वडास्तरीय बाल सञ्जालको प्रतिनिधित्व हुने गरी बालबालिकालाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउने निर्णय गरियो ।

**निर्णय नं. १४ : कारागारका बन्दीहरुलाई दशैं खर्च उपलब्ध गराउने सम्बन्धमा ।**

जिल्ला कारागारमा रहेका बन्दीहरुलाई यस बर्षको दशैं मान्नको लागि चालुतर्फको अन्य सामाजिक सहायता शिर्षकबाट रु ३०,०००।- (तीस हजार मात्र) विनियोजन गरी खसी/बोका उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५ : दशैं, तिहार र छठको शुभकामना सम्बन्धमा ।**

नजिकिँदै गरेको नेपालीहरुको महान् चाडपर्वहरु विजया दशमी, शुभदीपावली र छठ पर्वको पावन अवसरमा नगरपालिका भित्र तथा नगरपालिका बाहिर रहेका सवै नगरबासीहरु लगायत आम नेपाली सवैमा नगरपालिका परिवारकोतर्फबाट सुखशान्ति, समृद्धि र सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।